नेपाल सरकार, मा. कृषि विकास मन्त्रीस्तरको निर्णय मिति २०७४/१/५

# कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३

नेपाल सरकार
कृषि विकास मन्त्रालय
२०७३

पहिलो संशोधन : २०७४।०५।१६

**प्रस्तावना**

मुलुकमा खाद्यान्न, तरकारी, फलफूल, नगदेबाली, पशुजन्य उत्पादन लगायतका विभिन्न कृषि उपजहरुको माग तथा उत्पादनमा समेत बृद्धि हुदै आएको छ। कृषकहरुबाट उत्पादित कृषि उपजहरुबाट कृषक, व्यापारी, उपभोक्ता समेतलाई लाभान्वित गर्न व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएकोले मन्त्रालयले यो "कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३" स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद –१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "कृषि [+]**तथा पशु** बजार विकास तथा व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०७३" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "कृषि बजार" भन्नाले फलफूल, तरकारी, तेलहन, दलहन, मसलाबाली, पुष्प, च्याउ, मह, खाद्यान्न, माछा, मासु, अण्डा लगायतका वस्तु वा समितिले तोकेको अन्य खाद्य तथा कृषि वस्तु र कृषि उत्पादन सामाग्री समेतको खरीद बिक्रि सम्बन्धी कृयाकलाप गर्न यस निर्देशिका बमोजिम व्यवस्थापन गरिने स्थान सम्झनु पर्दछ।

(ख) "कोष" भन्नाले समितिलाई प्राप्त नगदतथा जिन्सी सामान समेतलाई सम्झनु पर्दछ।

(ग) "कृषि वस्तु" भन्नाले कृषि क्षेत्रबाट उत्पादित फलफूल, तरकारी, खाधान्न तेलहन, दलहन, मसलाबाली, पुष्प, च्याउ, मह, माछा मासु, अण्डा जस्ता ताजा वा नाशवान वस्तु र समितिले तोकेको अन्य खाद्य तथा कृषिउपज र कृषि उत्पादन सामाग्री समेत सम्झनु पर्दछ।

[+](ग.१) पशु वस्तु भन्नाले जिवित पशुपंक्षी, पशुजन्य उत्पादन पदार्थ सम्झनु पर्छ। पशु बजार भन्नाले पशु तथा पशुजन्य उत्पादन पदार्थ बिक्री वितरण हुने उद्देश्यले संचालित स्थल सम्झनु पर्दछ। यसले पशु हाट बजार, पशु संकलन केन्द्र एवं मासु बजारलाई समेत जनाउँछ।

---

[+]पहिलो संशोधनबाट थप



सचिव

(घ) "कृषि थोक बजार" भन्नाले पुनः बिकी बितरण हुने गरी पाँच किलो वा सो भन्दा बढी कृषि वस्तु को खरीद बिक्री हुने उद्देश्यले संचालित स्थल सम्झनु पर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले कृषि बिकास मन्त्रालयलाई सम्झनु पर्नेछ ।

(च) "कृषि उपज संकलन केन्द्र" भन्नाले उत्पादन क्षेत्रबाट कृषि उपज खरीद गरी वा संकलन मात्र गरी अन्यत्र बजारमा बेच बिखन गर्ने उद्देश्यले संचालित स्थल संझनु पर्छ ।

(छ) निर्देशनालय भन्नाले कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय/[+]**पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय** सम्झनुपर्दछ ।

(ज) "कृषि खुद्रा बजार"भन्नाले कृषि बस्तु उपभोक्ताहरुको लागि फुटकर रुपमा खरीद बिकी गर्ने उद्देश्यले संचालित बजार स्थल सम्झनु पर्छ ।

(झ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ञ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ ।

(ट) "सेवा शुल्क" भन्नाले बजारमा उपलब्ध गराईएको सेवा वा सुविधा वापत समितिलाई प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क, स्थान तथा निर्मित संरचना उपलब्ध गराए वापतको भाडा वा अन्य सेवा शुल्क सम्झनु पर्दछ ।

(ठ) "बजार व्यवस्थापक" भन्नाले यस निर्देशिका बमोजिम तोकिएको बजार व्यवस्थापक वा सदस्य सचिव सम्झनु पर्दछ ।

## परिच्छेद -२
## समितिको गठन, काम कर्तव्य र अधिकार

३. <u>**कृषि बजार व्यवस्थापन समितिको गठन**</u> : (१) संकलन केन्द्र र खुद्रा बजारको संचालन एवं व्यवस्थापन गर्ने देहाय बमोजिम कृषि/[+]**पशु** बजार व्यवस्थापन समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | बजार स्थल रहेको गाउँपालिका वा नगरपालिकाको प्रतिनिधि, | सदस्य |
| (ख) | [■]स्थानिय तहको कृषि/पशु सेवा प्राविधिक प्रतिनिधि, | सदस्य |
| (ग) | बजारको मुख्य प्रभाव क्षेत्रभित्रको सकृय कृषक समूहको एकजना महिला सहित दुईजना प्रतिनिधि, | सदस्य |
| (घ) | खुद्रा बजार र संकलन केन्द्रमा इजाजत लिई नियमित कारोबार गर्ने दुईजना व्यापारी प्रतिनिधि, | सदस्य |
| (ङ) | बजार व्यवस्थापक, | सदस्य-सचिव |

(२) उपदफा (१) को समितिका अध्यक्ष, कृषक प्रतिनिधि र व्यवसायी प्रतिनिधिको चयन सर्वसम्मति वा Sociometric प्रणालीबाट गरिनेछ ।

(३) उपदफा (१) को समितिका अध्यक्षको निर्वाचन उपदफा (२) बमोजिम सर्वसम्मतिबाट हुन नसकेमा कृषक, व्यापारी र स्थानीय निकायको प्रतिनिधि मध्ये Sociometric प्रणालीबाट गरिनेछ ।

---

[+] पहिलो संशोधनबाट थप

[■] पहिलो संशोधनद्धारा संशोधित

*(४) उपदफा (१) बमोजिमको अध्यक्ष पदको निर्वाचनमा व्यवस्थापक/सदस्य सचिव तथा कृषि/पशु सेवा प्राविधिक प्रतिनिधि बाहेकका सदस्यहरुलाई मात्र मताधिकार हुनेछ।

(५) खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले आफ्नै श्रोतबाट बजार व्यवस्थापक नियुक्त नभएसम्मको लागि जिल्ला कृषि विकास कार्यालयले तोकेको कर्मचारीले बजार व्यवस्थापक तथा सदस्य- सचिवको रुपमा कार्य गर्नेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(क) बजारको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्ययोजना बनाई लागु गर्ने।

(ख) बजार संचालनको लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी, सेवा शर्त र सुविधा यकिन गरी स्वीकृतिका लागि बजार व्यवस्थापन नियमन समितिमा पेश गर्ने।

(ग) जिल्ला कृषि विकास/ +**पशु सेवा** कार्यालय समक्ष पेश गर्ने।

(घ) कृषि बजारको सम्बन्धमा आवश्यक सूचना सर्वसाधारण नागरिकको लागि सूचना सम्प्रेषण गर्ने।

(ङ) बजारको विकास, विस्तार र बजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने।

(च) कृषि उत्पादक, व्यापारी, उपभोक्ता, संघ, संस्था तथा अन्य सम्बन्धित निकायलाई बजार सेवा, सुविधा उपलब्ध गराउने।

(छ) कृषि बजारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संवर्द्धन गर्ने।

(ज) बजार संचालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने

(झ) बजार स्थलभित्रको फोहोर व्यवस्थापन गरी स्वस्थ वातावरण कायम गर्ने।

(ञ) समितिले बार्षिक स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रहेर खर्च गर्ने।

(ट) बजारको दिर्घकालीन विकास र विस्तार सम्बन्धी पेश भएको गुरु योजना स्वीकृत गर्ने।

(ठ) गुणस्तरहीन अखाद्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने उपज/वस्तु खरिद-बिकी गर्न नपाइने व्यवस्था मिलाउने।

(ड) प्रमाणिक नापतौल प्रणाली (Standard Weight and Measuring System) तथा आधिकारीक निकायबाट प्रमाणित/स्वीकृत नाप तौल बिपरित कार्य गरेको पाइएमा सामग्री/उपकरण जफत गरी कारवाही गर्ने।

+**(ढ)** रोगी पशुपंक्षी एवं पशुजन्य पदार्थ बिक्री वितरण गर्न नपाइने व्यवस्था मिलाउने।

+**(ण)** उचित स्थानमा बध गरी उचित चिस्यान कायम गरी भण्डारण तथा ढुवानी गरेको मासु मात्र बिक्री वितरण गर्नु पर्ने।

---

+ पहिलो संशोधनबाट थप

* पहिलो संशोधनद्वारा संशोधित

५. **कृषि थोक बजार व्यवस्थापन समिति** : (१) कृषि/[+]**पशु** थोक बजार व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुने छ ।

(क) स्थानीय निकाय (बजार स्थल अवस्थित रहेको वडा) को प्रतिनिधि, सदस्य

(ख) जिल्ला कृषि विकास/[+]**पशु सेवा** कार्यालयको अधिकृत प्रतिनिधि, सदस्य

(ग) [*]बजारको मुख्य प्रभाव क्षेत्रभित्रको सकृया कृषक समूहबाट एक जना महिला सहित **तीन** जना कृषक प्रतिनिधि, सदस्य

(घ) [*]इजाजत प्राप्त कृषि थोक व्यापारी मध्ये तीन जना प्रतिनिधि, सदस्य

(ङ) [Δ]………………, सदस्य

(च) उपभोक्ताको संस्थागत निकाय मध्येबाट जिल्ला विकास समितिद्वारा तोकिएको प्रतिनिधि, सदस्य

(छ) बजार व्यवस्थापक, सदस्य सचिव

(२) उपका (१) को समितिका अध्यक्ष, कृषक प्रतिनिधि र व्यवसायी प्रतिनिधिको चयन सर्वसम्मति वा Sociometric प्रणालीबाट गरिनेछ ।

(३) उपदफा (१) को समितिका अध्यक्षको निर्वाचन उपदफा (२) बमोजिम सर्वसम्मतिबाट हुन नसकेमा कृषक, व्यापारी र स्थानीय निकायको प्रतिनिधि मध्ये Sociometric प्रणालीबाट गरिनेछ ।

[+](४) उपदफा (१) बमोजिमको अध्यक्षको निर्वाचनमा स्थानीय निकायको प्रतिनिधि कृषक प्रतिनिधि तथा व्यापारी प्रतिनिधि सदस्यहरुलाई मात्र मताधिकार हुनेछ ।

(५) खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले आफ्नै श्रोतबाट बजार व्यवस्थापक नियुक्त नभएसम्मको लागि जिल्ला कृषि विकास/ [+]**पशु सेवा** कार्यालयले तोकेको कर्मचारीले बजार व्यवस्थापक तथा सदस्य-सचिवको रुपमा कार्य गर्नेछ ।

**(६)** [+]सहकारी, गैर-सरकारी संस्था तथा निजी क्षेत्रको संगठित संस्थाद्धारा संचालित बजारको संचालक समितिमा सम्बन्धित संस्थाको विनियम/विधानमा व्यवस्था भए अनुरुप संस्थाका सदस्यहरु मध्ये बाट संकलन केन्द्र र खुद्रा बजारको व्यवस्थापन समिति भए ४ जना (कृषक एवं व्यापारी प्रतिनिधि, महिला सहित गर्न) वा कृषि थोक बजार व्यवस्थापन समिति भए ६ जना (कृषक एवं व्यापारी प्रतिनिधि, महिला सहित) सदस्यको चयन गर्ने तथा अन्य सदस्यहरु माथि दफा नं. ३(१) र ५(१) मा व्यवस्था भए बमोजिम रहने गरी समिति गठन गरिनेछ ।

**(७)** [+]सञ्चालक समितिको पदावधि समाप्त हुनु भन्दा कम्तिमा १५ दिन अगावै निर्वाचन हुनु पर्नेछ । सो अवधिमा निर्वाचन हुन नसकेमा निर्देशनालयद्धारा बिद्यमान समितिले नै कार्य गर्ने गरी तोक्ने वा अन्य उपयुक्त व्यवस्था गर्न सक्नेछ । यसरी व्यवस्था गरिएको समितिद्धारा भए, गरेका काम कारवाहीलाई नियमित भएको मानिनेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

---

[+]पहिलो संशोधनबाट थप

[Δ]पहिलो संशोधनबाट हटाईएको

[*]पहिलो संशोधनद्धारा संशोधित

(क) बजारको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्ययोजना बनाई लागु गर्ने,

(ख) बजार संचालनको लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी, सेवा शर्त र सुविधा यकिन गरी स्वीकृतिका लागि बजार व्यवस्थापन नियमन समितिमा पेश गर्ने,

(ग) यस निर्देशिकाको उद्धेश्य कार्यान्वयन गर्न कार्य विधिहरु बनाई स्वीकृतिका लागि पेश गर्ने,

(घ) कृषि बजारको सम्वन्धमा आवश्यक सुचना सर्व साधारण नागरिकको जानकारीको लागि सुचना सम्प्रेषण गर्ने,

(ङ) बजारको विकास, विस्तार र बजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने,

(च) कृषि उत्पादक, व्यापारी, उपभोक्ता, संघ, संस्था तथा अन्य सम्बन्धित निकायलाई बजार सेवा, सुविधा उपलब्ध गराउने,

(छ) कृषि बजारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संवर्द्धन गर्ने,

(ज) बजार संचालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने,

(झ) बजार स्थलभित्रको फोहोर व्यवस्थापन गरी स्वस्थ वातावरण कायम गर्ने,

(ञ) सम्बन्धित जिल्ला कृषि विकास/ +**पशु सेवा** कार्यालयको प्राविधिकको सहयोगमा योजना तर्जुमा बार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने तथा निर्देशनालयबाट सो को स्वीकृति गराई कार्यान्वयनको व्यवस्था मिलाउने,

(ट) स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रहेर खर्च गर्ने,

(ठ) गुणस्तरहीन अखाद्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने उपज/बस्तु खरिद-बिक्री गर्न नपाइने ब्यबस्था मिलाउने ।

(ड) बजारमा कारोवार गर्ने ब्यक्तिले प्रमाणिक नापतौल प्रणाली (Standard Weight and Measuring System) तथा आधिकारीक निकायबाट प्रमाणित/स्वीकृत नाप तौलबिपरित कार्य गरेको पाइएमा सामग्री/उपकरण जफत गरी कारवाही गर्ने ।

७. **सदस्यहरुको पदावधि** :(१) सदस्यहरुको पदावधि अध्यक्ष निर्वाचित भएको मितिले ३ वर्षको हुनेछ र निजहरु पुनः निर्वाचित हुन सक्नेछन् ।

*(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो निर्देशिका लागु भएपछि अध्यक्ष पदमा एकै व्यक्ति लगातार दुई पदावधिभन्दा बढी निर्वाचित हुन सक्ने छैन ।

(३) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा बिदेशी संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

८. **सल्लाहकार समितिको गठन** : दफा ५ को उपदफा (१) बमोजिमको समितिलाई आवश्यकता अनुसार सहयोग एवं सल्लाह दिन समितिले ३ जना सदस्य रहेको एक सल्लाहकार समिति गठन गर्न सक्ने छ ।

९. **सदस्यहरुको योग्यता** :यस निर्देशिका बमोजिम गठन हुने संचालक समितिको सदस्य हुनको लागि देहाय बमोजिम योग्यता पुगेको हुनु पर्नेछ,-

---

* पहिलो संशोधनबाट थप

+पहिलो संशोधनद्वारा संशोधित

(क) नेपाली नागरिक,

(ख) **२१*** वर्ष उमेर पुगेको,

(ग) कुनै अदालतवाट कैदसजाय भएको रहेछ भने सो भुक्तान भएको पाँच वर्ष पुरा भएको,

(घ) सगज नविग्रेको,

(ङ) कुनै राजनैतिक पदमा बहाल नरहेको,

(च) कृषि उपज बजारको कोष वा सम्पत्ति अपचलन गरेको प्रमाणित नभएको ।

+**९.१. पद रिक्त हुने तथा पदपूर्ति सम्बन्धी व्यवस्था :** देहायको अवस्थामा समितिको सदस्यको पद रिक्त हुनेछ :-

(क) कुनै सदस्यको मृत्यु भएमा ।

(ख) अन्यत्र वसाई सरी गएमा ।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा समितिबाट स्वीकृत भएमा (समितिका सदस्य तथा सदस्य-सचिवले आफ्नो पदबाट राजिनामा दिँदा अध्यक्ष समक्ष, तथा अध्यक्षले राजिनामा गर्दा समिति समक्ष पेश गर्नेछन् । यसरी पेश हुन आएको राजीनामा समितिको बहुमत सदस्यको निर्णयद्धारा स्वीकृत वा अस्वीकृत गर्न सकिनेछ ।)

(घ) कुनै सदस्यको योग्यता दफा ९ बमोजिमको नरहेको प्रमाणित भई वा दफा ३२ बमोजिम कारबाही भई बजार व्यवस्थापन नियमन समितिद्धारा निजलाई पदबाट हटाइएमा ।

(ङ) कुनै सदस्य विरुद्ध समितिका कम्तिमा पनि दुई तिहाई सदस्यको निर्णयद्धारा उचित र पर्याप्त कारण सहित पदबाट हटाउन गरिएको लिखित उजुरी जायज भएको सम्बन्धित निकायको रायको आधारमा सो सदस्यलाई बजार व्यवस्थापन नियमन समितिद्धारा पदमुक्त गरिएमा ।

+**९.२.** ९.१ को खण्ड (क), (ख) र (ग) अनुसार कुनै सदस्यको पद रिक्त भएमा सो को जानकारी समितिले तुरुन्त सम्बन्धित जिल्ला कृषि विकास कार्यालय मार्फत कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयलाई दिनेछ ।

उपरोक्त जुनसुकै कारणबाट रिक्त हुन आएको कुनै सदस्यको पदमा निजको बाँकी पदावधि सम्मको लागि जुन प्रकृयाबाट पदपूर्ति भएको हो सोही प्रकृयाको आधारमा पदपूर्ति गरिनेछ ।

**१०. समितिको वैठक र निर्णय:** (१) समितिको नियमित वैठक प्रत्येक महिनामा एकपटक अध्यक्षले तोकेको Δ......, मिति र समयमा +**समितिको कार्यालयमा** बस्नेछ ।

(२) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यले गर्नेछ ।

(३) समितिमा वहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने

---

* पहिलो संशोधनद्धारा संशोधित

\+ पहिलो संशोधनबाट थप

व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(४) बैठकको निर्णय अध्यक्ष र सदस्य–सचिवले प्रमाणित गर्नुपर्नेछ ।

(५) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **गणपूरक संख्या** :समितिको कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

१२. **उप-समितिको गठन गर्न सक्ने** : समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन समितिकाकुनै सदस्यको संयोजकत्वमा उप-समिति गठन गर्न सक्ने छ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. **समितिको कार्यालयः** समितिको कार्यालय +**सम्बन्धित** कृषि/+**पशु बजार** परिसर भित्र रहनेछ ।

## परिच्छेद-३
## कृषि बजार दर्ता, अनुगमन र नविकरण

१४. **कृषि बजार दर्ता सम्बन्धी व्यवस्था** : (१)थोक बजारको हकमा यस निर्देशिका बमोजिम विधिवत् समिति गठन भएको ६० (साठी) दिनभित्र समिति गठनको निर्णय प्रतिलिपि सहित सम्वन्धित जिल्ला कृषि विकास कार्यालयको सिफारिसमा निर्देशनालयमा दर्ता गराउनु पर्नेछ । अन्य बजारहरुको हकमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा दर्ता गरी सो को जानकारी निर्देशनालयमा गराउनु पर्नेछ ।

२) बजार समिति दर्ता गर्दा देहायका मापदण्ड एवं प्रकृया पुरा भएको हुनुपर्ने छ ।

क) बजार स्थापनाको लागि यथेष्ट रुपमा जग्गाको क्षेत्रफल उपलब्ध हुनुपर्ने ।

ख) कारोबारको अवस्था

ग) बाटोको सुविधा

घ) अन्य बजारहरुको सामिप्यता

ङ) कृषि उपजको उत्पादनको अवस्था

१५. **नविकरण सम्बन्धी व्यवस्था** : समितिले प्रत्येक ३ वर्षमा दर्ता नविकरण गराउनु पर्नेछ । नविकरणको आवेदन साथ उक्त अवधिको समितिको लेखा परिक्षण प्रतिवेदन र वस्तु अनुसारको कारोबार (परिमाण र रकम) समेत संलग्न राखि पेश गर्नु पर्नेछ । समिति दर्ता गर्ने निकायबाट नै नविकरण गरिनेछ । थोक बजारको हकमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको सिफारिस सहित निर्देशनालयमा आवेदन दिनु पर्नेछ ।+**पशु हाट बजार/संकलन केन्द्र/मासु बजार दर्ता सम्बन्धी व्यवस्था जिल्ला पशु सेवा कार्यालयबाट हुनेछ । थोक बजारको हकमा सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको सिफारिस सहित पशुपंछी बजार प्रवर्द्धन निर्देशनालयमा आवेदन दिनु पर्नेछ ।**

---

+पहिलो संशोधनबाट थप

+पहिलो संशोधनबाट थप

१६. **<u>बजारमा पूर्वाधार विकासका लागि सरकारी लगानी प्राप्त गर्न देहायका मापदण्ड एवं प्रकृया पुरा भएको हुनु पर्नेछ ।</u>**

क) बजारको स्थापना वा पूर्वाधार विकास गर्न प्राविधिक रुपमा सम्भाव्य हुनुपर्ने ।

ख) बजार केन्द्रले चर्चेको/चर्चिने जग्गाको स्वामित्व सार्वजनिक वा संस्थागत निकायमा रहनु पर्ने र सो को उपयोग बजार संचालन प्रयोजनका लागि मात्र हुने गरी उक्त जग्गा उपलब्ध हुनुपर्नेछ । कृषि बजारको स्थापनाको लागि आवश्यक जग्गा ब्यवस्था गर्नु स्थानीय तह (गाउँपालिका वा नगरपालिका) को कर्तव्य हुनेछ ।

ग) बजार केन्द्रले चर्चेको/चर्चिने जग्गाको स्वामित्व, साँध सिमाना र भोगचलन पूर्णतः विवाद रहित तथा कुनै प्रकारको अतिक्रमण वा खिचलो नभएको हुनुपर्ने ।

घ) प्रस्तावक निकाय/लाभग्राहीद्धारा बजारको संचालन, बजारबाट हुने आम्दानी खर्चको बाँडफाँट र वितरण तथा अन्य आर्थिक एवं व्यवस्थापकीय जिम्मेवारी र दायित्वहरुको बहनका साथै निर्देशिकाको पूर्ण रुपमा परिपालना गर्ने व्यहोराको मन्जुरीनामा पेश गरेको हुनुपर्ने ।

१७. **<u>अनुगमन सम्बन्धी व्यवस्था:</u>** कृषि विकास मन्त्रालय र अन्तर्गतका सम्बन्धित कार्यालयबाट समितिको काम कारवाही तथा बजार कारोवार जुन सुकै बेला पनि निरिक्षण गर्नेछ र आवश्यक परेको कागजात उपलब्ध गराउनु समितिको कर्तब्य हुनेछ । निर्देशनालय र जिल्ला कृषि विकास कार्यालयले निरन्तर अनुगमन गरि समस्या समाधान गर्नुपर्नेछ । समस्या समाधान हुन नसकेका बिषयमा बिकल्प सहित बजार ब्यबस्थापन नियमन समिति समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४
## समितिको आर्थिक व्यवस्था

१८. **<u>समितिको कोष:</u>** (१) समितिको एउटा छुटै कोष हुनेछ । समितिको कोषमा देहायका रकमहरु रहने छन् र समितिको सवै खर्च सो कोषवाट व्यहोरिने छ ।

(क) नेपाल सरकारबाट समितिलाई प्राप्त रकम

(ख) सेवा सुविधाबाट प्राप्त शुल्क र रकम,

(ग) विभिन्न व्यक्ति वा संघ, संस्थावाट प्राप्त रकम,

(घ) विदेशी सरकार/अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग

(ङ) अन्य नियमित स्रोतबाट प्राप्त रकम ।

(२) समितिलाई प्राप्त रकम नेपाल राष्ट्र बैंकबाट बैंकिगं कारोवार गर्न मान्यताप्राप्त बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(३) विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थावाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) समितिको खाता संचालन समितिको अध्यक्ष र बजार व्यवस्थापक/सदस्य-सचिव को संयुक्त दस्तखतबाट हुनेछ ।

१९. **<u>आर्थिक प्रशासन:</u>** (१) समितिको आय व्ययको लेखा नेपाल सरकारबाट स्वीकृत ढांचामा राखिने छ ।

(२) समितिको लेखा परीक्षण आर्थिक कारोबारको आधारमा चार्टर्ड एकाउण्टेण्ट वा रजिष्टर्ड लेखा परीक्षकवाट आर्थिक वर्ष सकिएको ३ महिनाभित्र गराउनु पर्नेछ ।

(३) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक आय व्यय विवरण सहितको प्रतिवेदन तोकिएका नियमक निकायहरु क्रमश: थोक बजारहरुले निर्देशनालयमा र अन्य बजारहरुले सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरुमा बुझाउनुपर्ने छ ।

(४) समितिले आय व्ययको बिबरण प्रत्येक महिनामा सूचना पाटीमा सूचना टाँस गरी सार्वजनिक गर्नुपर्ने छ ।

(५) लेखा परीक्षणबाट प्राप्त प्रतिवेदन आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यान्वयन गर्नुपर्ने छ ।

(६) समितिले आर्थिक कार्य गर्दा/गराउँदा नेपाल सरकारको प्रचलित ऐन, नियम र आर्थिक कार्यबिधिको अधिनमा रही समितिको स्वीकृत "आर्थिक प्रशासन कार्यविधि" बमोजिम गर्नु गराउनु पर्नेछ ।

(७) समितिको सम्पूर्ण आर्थिक कारोबार र खर्चको विवरण समितिको नियमित वैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

२०. **कृषि उपज बजार स्थलको वर्गीकरण र कोषमा जम्मा रकम खर्च गर्ने व्यवस्था:** कृषि उपज बजार स्थल कूल वार्षिक आयको आधारमा देहाय बमोजिमको वर्गीकरण गरिनेछ ।

(१) वार्षिक रु ५० लाख भन्दा बढी आय हुने बजार स्थल, "क" वर्ग ।

(२) वार्षिक रु २० लाख देखि रु ५० लाखसम्म आय हुने बजार स्थल, "ख" वर्ग ।

(३) वार्षिक रु २० लाखसम्म आय हुने बजार स्थल, "ग" वर्ग ।

२१. **बजारको खर्च व्यवस्थापन** : बजारको खर्च व्यवस्थापन देहाय बमोजिम गरिने छ ।

(१) "क" वर्गका बजारले कूल आयको ७० प्रतिशत रकम नियमित बजार संचालन गर्न (कर्मचारी तलब, भत्ता, बैठक भत्ता, बिजुली, पानी, टेलीफोन, चियापान तथा अन्य भैपरी खर्च आदि) तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र ३० प्रतिशत रकम स्थायी निर्माण कार्य गर्न छुट्याउने ।

(२) "ख" वर्गको बजारले कूल आयको ८० प्रतिशत रकम नियमित बजार संचालन गर्न तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र २० प्रतिशत रकम स्थायी निर्माण कार्य गर्न छुट्याउने ।

(३) "ग" वर्गको बजारले कूल आयको ९० प्रतिशत रकम नियमित बजार संचालन गर्न तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र १० प्रतिशत रकम स्थायी निर्माण कार्य गर्न छुट्याउने ।

(४) स्थानीय निकायद्धारा संचालित बजारबाट उठेको कूल रकमको कम्तीमा २५ प्रतिशत रकम सोही बजारको पूर्वाधार निर्माण/विकासमा खर्च गर्नुपर्ने ।

## परिच्छेद-५
## कर्मचारी सम्बन्धी व्यवस्था

२२. **दरवन्दी स्वीकृत गर्ने :** समिति अन्तरगत आवश्यक पर्ने कर्मचारीको दरवन्दी बजार व्यवस्थापन नियमन समितिले स्वीकृत गर्ने छ र सोको जानकारी जिल्ला कृषि विकास कार्यालयलाई गराउनु पर्नेछ ।

२३. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) समितिको कार्य संचालनको निमित्त समितिले आफ्नो आर्थिक क्षमताको आधारमा बजार व्यवस्थापन समितिद्धारा स्वीकृत दरबन्दीको आधारमा कर्मचारी व्यवस्था गर्न सक्नेछ ।

(२) यस निर्देशिका बमोजिम समितिको लागि आवश्यक कर्मचारी पदपूर्ति गर्न देहाय बमोजिमको "पदपूर्ति उप-समिति" रहनेछ ।

(क) सम्बन्धित समितिका अध्यक्षले तोकेका सदस्य, अध्यक्ष
(ख) समितिमा जिल्ला कृषि विकास कार्यालयको प्रतिनिधि, सदस्य
(ग) बजार व्यवस्थापक, सदस्य

(३) कर्मचारी प्रशासन विनियमावलीमा कर्मचारीको नयाँ नियुक्ती वा बढुवा गर्दा कर्मचारी प्रशासन विनियामवलीमा स्पष्ट व्यवस्था नभएमा प्रचलित कानुनमा भएको व्यवस्थालाई अवलम्बन गर्नुपर्नेछ ।

(४) समितिका कर्मचारीहरुको परिचालन र आर्थिक लगायतका सेवा सम्बन्धी सुविधाहरुको पूर्ण दायित्व समितिमा हुनेछ ।

२४. **व्यवस्थापकको नियुक्ती** : (१) समितिले बजार व्यवस्थापकको नियुक्ती गर्ने छ ।

(२) उपदफा (१) बमोजिम नियुक्ती गर्दा खुला प्रतिस्पर्धाको आधारमा गर्नेछ ।

२५. **व्यवस्थापक योग्यता** :व्यवस्थापक पदको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्ने छ ।

(१) नेपाली नागरिक,
(२) २५ बर्ष पुरा भई ४० बर्ष ननाघेको,
(३) कृषि अर्थशास्त्र वा अर्थशास्त्र वा व्यवस्थापन वा विकास प्रशासन विषयमा स्नातकोत्तर गरेको,

तर माथि जे सुकै योग्यता राखिएको भएता पनि संकलन केन्द्र र खुद्रा बजारको लागि माथि उल्लेखित विषयहरुमा स्नातक गरेको हुनुपर्ने छ ।

(४) कानुन बमोजिम कुनै पनि किसिमको सजाय नपाएको भनि स्व घोषणा गरेको हुनुपर्ने छ ।

२६. **काम कर्तव्य र अधिकार**: व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

*(क) आफू मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने ।
*(ख) समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने ।
*(ग) बजार व्यवस्थाको लागि आवश्यक बार्षिक, अल्पकालिन तथा दीर्घकालीन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।
*(घ) कृषि बजार विकाससँग सम्बन्धित विभिन्न निकायहरुसँग समन्वय राखी कार्य गर्ने ।
*(ङ) आर्थिक उत्तरदायीको रुपमा काम गर्ने ।
*(च) समितिले तोकेको अन्य कार्यहरु गर्ने/गराउने ।

---

*पहिलो संशोधनद्धारा संशोधित

## परिच्छेद– ६
## स्टल वा स्थान वितरण सम्बन्धी व्यवस्था

२७. **स्टल वा स्थान वितरण सम्बन्धी व्यवस्था:** बजार स्थलबाट उपलब्ध गराइने स्टल, स्थान आदिको भाडा निर्धारण गर्दा समितिद्वारा देहायका आधार र प्रकृया अपनाइनेछ ।

(१) **भाडा निर्धारणको आधार :**

क) बजार स्थापना र पूर्वाधार विकासमा भएको लगानी,

ख) बजारको संचालन, व्यवस्थापन खर्च,

ग) भौतिक संरचना, उपकरण र सुविधाहरुको मर्मत संभार तथा बिमा खर्च,

घ) बजारमा थप पूर्वाधार विकास एवं सुविधा विस्तारका लागि आवश्यक पर्ने लगानी,

ङ) जनशक्ति विकास तथा उत्प्रेरणा खर्च,

च) आकस्मिक आर्थिक दायित्व तथा जोखिम व्यवस्थापनका लागि आवश्यक पर्ने रकम,

छ) अन्य संस्था वा निकायसँग समितिले लिज वा करारमा जमिन वा टहरा वा सटर लिई भाडामा लगाउनु पर्दा यस निर्देशिका बमोजिम भाडा निर्धारण गर्न नसकिने अवस्थामा जिल्ला भाडा निर्धारण समितिले निर्धारण गरेको भाडा दरलाई मानिनेछ ।

(२) **भाडा निर्धारणको प्रकृया :**

क) समितिले भाडामा उपलब्ध गराउने स्टल, स्थान आदीको वर्गिकरण गर्ने,

ख) भाडा निर्धारणको आधार बमोजिमको खर्च अनुमान तथा बजार क्षेत्र वरिपरी प्रचलित भाडादर समेतलाई मध्यनजर गरी आवधिक भाडा वृद्धिदर समेतको प्राविधिक प्रस्ताव तयार गर्ने,

ग) समितिले भाडा निर्धारण सम्बन्धी प्राविधिक प्रस्ताव प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने घरभाडा निर्धारण समितिबाट स्वीकृत गराई सोको आधारमा भाडा निर्धारण गर्नेछ । तर उक्त भाडादर बजार क्षेत्र आसपास प्रचलित समान प्रकारको स्टल, स्थानको औसत भाडादर भन्दा *बढी हुने छैन ।**

+**घ)** कृषक, कृषक सहकारी तथा कृषक समूहमा आवद्ध कृषकहरुद्धारा संचालन गरिएका/गरिने स्टलहरुको भाडादर २५ प्रतिशतसम्म सस्तो हुनुपर्नेछ , महिलाहरुद्धारा संचालित स्टलहरुमा लाग्ने भाडादरमा विशेष ग्राहयता दिनुपर्नेछ ।

(३) समितिले कूल स्टल टहरा वा कोठा वा स्थानहरु मध्ये १० प्रतिशत कृषि सहकारी संस्था र कृषक समूहको लागि छुट्याउनु पर्नेछ ।

(४) स्टल सम्बन्धी सम्झौता भएपछि समितिबाट निर्धारण गरिएको शुल्क बार्षिक रुपमा राष्ट्र बैंकको औषत मूल्य बृद्धिदर अनुसार बृद्धि हुनेछ ।

(५) समितिले प्राङ्गारिक कृषि उपजलाई कम्तिमा १ र IPM बाट आएको उपजलाई कम्तिमा १ वटा स्टल छुट्याइने छ ।

---

+पहिलो संशोधनबाट थप

*पहिलो संशोधनद्धारा संशोधित

(६) समितिसँग सम्झौता गर्दा समितिले तोकेको भाडाको कम्तिमा ३ महिनाको रकम धरौटी लिई स्टल वा स्थान उपलब्ध गराउनु पर्नेछ ।

(७) समितिले शुरुमा एक पटकमा बढीमा *३ वर्षसम्मको लागि स्टल वा स्थान उपलब्ध गराउन सक्ने छ । ***सो पश्चात निर्देशिकाको दायरा तथा समितिको नीति नियम अनुसार संचालन गर्ने व्यवसायीहरुको स्टललाई पुनः वार्षिक नविकरण गर्ने व्यवस्था मिलाउने छ ।**

(८) एक परिवारलाई एक वटा मात्र स्टल वा स्थान उपलब्ध गराइनेछ । उपलब्ध गराईएको स्टल वा स्थान कसैलाई भाडामा लगाएको पाईएमा समितिले सम्झौता रद्ध गरी स्टल भाडामा लिंदा राखेको धरौटी जफत गर्नेछ र सो को सूचना सम्वन्धित पक्षलाई दिनेछ ।

## परिच्छेद– ७
## नीतिगत र प्राविधिक नियमन सम्बन्धी व्यवस्था

**२८. कृषि बजार निर्देशन समितिः**

कृषि बजार सम्बन्धी नीति, निर्देशन एवं समन्वय गर्न निम्नानुसारको निर्देशन समिति हुनेछ :–

| | | |
|---|---|---|
| क) सचिव | कृषि विकास मन्त्रालय | अध्यक्ष |
| ख) सह-सचिव | सहकारी तथा गरिवी निवारण मन्त्रालय | सदस्य |
| ग) सह-सचिव | संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| घ) सह-सचिव | गृह मन्त्रालय | सदस्य |
| ङ) महानिर्देशक | कृषि विभाग | सदस्य |
| च) महानिर्देशक | पशु सेवा विभाग | |
| छ) प्रमुख | ऐन,नियम,परामर्श तथा फैसला कार्यान्वयन शाखा, कृषि विकास मन्त्रालय | सदस्य |
| ज) सह-सचिव | कृषि विकास मन्त्रालय, खाद्य सुरक्षा, कृषि व्यवसाय प्रवर्द्धन तथा वातावरण महाशाखा | सदस्य– सचिव |

**२९. समितिको काम कर्तव्य र अधिकारः**

क) बजार व्यवस्थापन नियमन समितिले गर्न नसकेका समस्याहरु समाधान गर्ने ।

ख) अन्तरमन्त्रालय वा निकाय सँग सम्बन्धित विषयको बारेमा समन्वय गर्ने ।

ग) नीतिगत विषयमा मातहतका समितिहरुलाई आवश्यकता अनुसार निर्देशन दिने ।

**३०. बजार व्यवस्थापन नियमन समितिः**

कृषि बजारहरुको प्राविधिक, व्यवस्थापन तथा नियमन गर्न निम्नानुसारको समिति हुनेछ :–

| | | |
|---|---|---|
| क) महानिर्देशक | कृषि विभाग | अध्यक्ष |
| ख) कार्यक्रम निर्देशक | पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय, पशु सेवा विभाग | सदस्य |
| ग) वरिष्ठ कृषि अर्थ विज्ञ | कृषि विकास मन्त्रालय, कृषि व्यवसाय प्रवर्द्धन शाखा | सदस्य |
| घ) कानून अधिकृत | कृषि विभाग | सदस्य |

*पहिलो संशोधनद्वारा संशोधित

ङ) उपसचिव | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य
च) उपसचिव | सहकारी विभाग | सदस्य
छ) अध्यक्ष | नेपाल फलफूल तथा तरकारी व्यवसायी महासंघ | सदस्य

ज) कार्यकारी निर्देशक | कृषि उद्यम केन्द्र, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य
झ) कार्यक्रम निर्देशक | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार बिकास निर्देशनालय | सदस्य सचिव

३१. **बजार व्यवस्थापन नियमन समितिको काम कर्तव्य र अधिकार:** बजार व्यवस्थापन नियमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(क) बजार व्यवस्थापन समितिहरुलाई नीति निर्देशन दिने ।
(ख) बजार समितिहरुले समाधान गर्न नसकेका विषयहरुमा समन्वय गरी समाधान गर्ने ।
(ग) बजार समितिहरुका आवश्यक पर्ने कर्मचारी दरबन्दी स्वीकृत गर्ने ।
(घ) कर्मचारीहरुको सेवा शर्त र सुविधाको बारेमा पेश भएका सुझाव प्रतिवेदनहरुको अध्ययन गरी वढाउने वा घटाउने सम्बन्धमा आवश्यक निर्णय गर्ने ।
(ङ) सवै प्रकारका बजारहरुको लागि आवश्यक पर्ने कर्मचारी प्रशासन तथा आर्थिक प्रशासन विनियमावली जारी गर्ने ।

## परिच्छेद–८
## विविध

३२. **पदाधिकारी तथा सदस्यलाइ निलम्वन गर्न सकिने :** पदाधिकारी तथा सदस्यले देहायको कसूर गरेमा निजहरुलाई व्यवस्थापन समितिले तीन महिनासम्म निलम्वनमा राख्न सक्नेछ ।

(क) आर्थिक अनियमितता गरेमा,
(ख) पदीय अख्तियारको दुरुपयोग गरेमा,
(ग) शान्ति सुरक्षामा खलल गर्ने कार्य गरेमा ।

३३. **समितिलाई भंग गर्नसक्ने :** (१) देहायको अवस्थामा निर्देशनालयको सिफारिसमा बजार व्यवस्थापन नियमन समितिलेदफा ३ र ५ बमोजिम गठितसमिति भंग गरी अर्को व्यवस्था गर्न सक्नेछ ।

(क) समितिमा रहेका पदाधिकारी निस्कृय रही निर्वाचित वा मनोनयन भएको एक वर्षसम्म एउटा पनि वैठक बस्न नसकेमा,
(ख) समितिलाई दिएको निर्देशन पालना नगरेमा,
(ग) समितिको हित विपरित हुने कार्य गरेमा वा आर्थिक अनियमितता गरेको पाईएमा ।

(२) उपदफा (१) बमोजिम समिति भंग गर्नु अगावै समितिका सबै पदाधिकारी तथा सदस्यलाई सफाईको मौका दिनु पर्नेछ ।

३४. **कृषि बजार संचालन सम्वन्धी बिशेष व्यवस्था:** दफा *३३ बमोजिम समिति भंग भएमा समिति गठन सम्वन्धी अर्को व्यवस्था नभएसम्मको लागि बजार व्यवस्थापन नियमन समितिले अर्को व्यवस्था गर्नसक्नेछ ।

३५. **बरबुझारथ:** निवर्तमान समितिले नवगठित समितिलाई आफ्नो जिम्माको सम्पूर्ण जिन्सी, नगद, आय व्यय विवरण तथा कागजात १५ दिनभित्र बुझाउनु पर्नेछ र सो को जानकारी निर्देशनालयलाई दिनु पर्नेछ ।

३६. **बजारको स्वामित्व:** नेपाल सरकारको मुख्य लगानीमा विकास गरिएको भौतिक पूर्वाधारहरुको पूर्ण स्वामित्व नेपाल सरकारमा रहनेछ । समितिले बजारको स्वामित्व हस्तान्तरण गर्ने गरी वा आफ्नो क्षमता भन्दा बढीको दायित्व लिने गरी वा आफ्नो पदावधि भन्दा बढी अवधिको लागि निर्देशनालयको पूर्व स्वीकृति विना कसैसित कुनै सम्झौता गर्न छैन ।

तर बजारको स्वीकृत दिर्घकालिन विकास योजना अनुसारको पूर्वाधार निर्माणका लागि लगानी जुटाउन स्थानिय लगानीकर्ता वा बैंकिङ्ग वा वित्तिय संस्थासँग समितिले आवश्यक सम्झौता गर्न सक्नेछ । यस्तो संझौता गर्दा समितिले परियोजना मात्र धितो राख्नु पर्ने अवस्थामा आफैले निर्णय गर्न सक्नेछ र जग्गा वा विद्यमान पूर्वाधार समेत धितो राख्नु पर्ने अवस्थामा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

३७. **बीमा सम्वन्धी व्यवस्था:** थोक बजार र "क" वर्गका जुनसुकै बजारहरुले स्थायी भौतिक संरचना, मेशिन-उपकरण एवं सवारी साधनहरुको बीमा गराउनु पर्नेछ । अन्य बजारहरुले आफ्नो क्षमता अनुसार त्यस्तो बीमा गर्न सक्नेछन् ।

३८. **सुविधा सम्बन्धी व्यवस्था:** समितिका पदाधिकारी एवं कर्मचारीले समितिको कामको सिलसिलामा वा नेपाल सरकारको कुनै कार्यक्रममा सहभागी हुँदा निजहरुलाई प्रदान गरिने भ्रमण खर्च लगायतका सुविधाहरुको हकमा समितिको आर्थिक विनियामवलीमा तोकिए बमोजिम हुनेछ ।

३९. **लाभांश वितरण:** बजारको स्थापना वा संचालनमा संलग्न जग्गादाता, स्थानीय साझेदार वा सहयोगी निकाय/संघसंस्थालाई त्यस्तो साझेदारी वा सहयोग वापत लाभांश प्रदान गर्नुपर्ने अवस्थामा निजहरुको योगदानको आधारमा समितिले खुद मूनाफाको ५ प्रतिशत भन्दा बढी नहुने गरी उपलब्ध गराउन सक्नेछ । सो भन्दा बढी मुनाफा बितरण गर्नु पर्ने भएमा निर्देशनालयको स्वीकृति लिनु पर्नेछ ।

४०. **स्थान, समय तोक्न सक्ने:** स्थानीय निकाय (गा.वि.स./न.पा.) ले सर्वसाधारणको सुविधा, सर-सफाई तथा ट्राफिक व्यवस्थापन समेतको कार्यलाई दृष्टिगत गरी कृषि उपजहरुको खरिद बिक्री कार्यको लागि यस निर्देशिकाको प्रतिकुल नहुने गरी निश्चित स्थान, समय र प्रकृया तोक्न सक्नेछ ।

४१. **व्यवसायीले पालन गर्नुपर्ने आचरण:** बजार स्थलमा व्यवसाय गर्न चाहने व्यापारी वा व्यवसायीले देहायका आचरण पालन गर्नुपर्नेछ ।

(क) इजाजत प्राप्त व्यापारी/व्यवसायीले प्रचलित कानुन बमोजिम तिनुपर्ने सम्पूर्ण करहरु व्यवसाय नविकरण गर्दा कर चुक्ताको प्रमाण पेश गर्नुपर्ने छ ।

---

*पहिलो संशोधनद्धारा संशोधित

(ख) बजार व्यवस्थापन समितिलाई आफूले प्रयोग गरेको सुविधा बापत बुझाउनु पर्ने भाडा वा अन्य शुल्क बुझाउदा व्यवस्थापन समितिको खातामा जम्मा गरेको भौचर पेश गर्नुपर्ने छ ।

(ग) इजाजत प्राप्त व्यक्ति आफैले परिचयपत्र फोटो सहित देखिने गरी झुन्डाएर व्यापार गर्नुपर्ने छ ।

४२. **निर्देशिका संशोधनः** मन्त्रालयले यो निर्देशिका आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।

४३. **खारेजी र बचाऊः** (१) कृषि उपज बजार स्थलको व्यवस्था तथा संचालन सम्बन्धी निर्देशिका, २०५३ खारेज गरिएको छ ।

(२)कृषि उपज बजार स्थलको व्यवस्था तथा संचालन सम्बन्धी निर्देशिका, २०५३ बमोजिम भए गरेका काम यसै निर्देशिका अनुरुप भए गरेको मानिने छन् ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## अनुसूची - १

समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना

कृषि बजार व्यवस्थापन समिति

जिल्ला ..................... स्थान

स्थापना: ...............

## अनुसूची - २

समितिले प्रयोग गर्ने प्याडको नमूना

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

वडा नं.
फोन नं. :
फ्याक्स नं. :
ईमेल :

........कृषि बजार व्यवस्थापन समिति
......................................, नेपाल

Agricultural Market Management Committee

..........................................

Nepal

(नेपाल सरकार, कृषि विकास मन्त्रालयद्वारा स्वीकृत)

प.सं. : मिति :

Ref : Date :

**विषय(Sub)**

सचिव

## अनुसूची ३

समितिले प्रयोग गर्ने साईनबोर्डको नमूना

दर्ता नं..................

कृषि बजार व्यवस्थापन समिति ............नेपाल

**(Agricultural Market Management Committee,**

**.................................................), Nepal**

(नेपाल सरकार, कृषि विकास मन्त्रालयद्वारा स्वीकृत)

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

**अनुसूची - ४**

भौतिक सम्पत्ति/सामग्री

कृषि बजार व्यवस्थापन समिति,................ नेपाल,

(नेपाल सरकार, कृषि विकास मन्त्रालयद्धारा स्वीकृत)

कृषि बजार व्यवस्थापन समिति, ........................................................................ ले प्रयोग गर्ने भौतिक सम्पत्ति/सामाग्रीहरुको विवरण

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |

सचिव

अनुसूची –५

नेपाल सरकार

कृषि विकास मन्त्रालय

कृषि विभाग

## कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय

हरिहरभवन, ललितपुर

**वा**

## जिल्ला कृषि विकास कार्यालय......................................

दर्ता नं. : ..............  मितिः २०७....../......./..........

## विषयः- कृषि बजारको दर्ता प्रमाण पत्र

कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३ को दफा १४(१) बमोजिम श्री ..................................................ठेगाना.....................................लाई मिति २०७....../......./..........मा थोक/संकलन केन्द्र/खुद्रा बजारको रुपमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

..................................

दर्ता गर्ने अधिकारी

मिति :..................

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## अनुसूची - ६

नविकरणको ढाँचा

| क्र.सं. | व्यवस्थापन समितिको नाम | दर्ता मिति | सदस्यता लिएको मिति | सदस्यता नविकरण गर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

सचिव

## अनुसूची -७

कृषि बजार व्यवस्थापन समिति र बजार उपयोगकर्ता बिच स्टल/ स्थान भाडा सम्बन्धी सम्झौता-पत्रको नमूना :

कृषि बजार व्यवस्थापन समिति, ........................ र श्री .................................. बिच स्टल/स्थान/...................................... भाडा सम्बन्धी

## सम्झौता-पत्र

............ जिल्ला ................महानगरपालिका/उप महानगरपालिका / नगरपालिका/ गाउँपालिका वडा नं. .......... अन्तर्गत ........................ मा अवस्थित कृषि उपज बजार स्थल ...................... को संचालन व्यवस्थापनका लागि कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३ अनुसार गठित" कृषि बजार व्यवस्थापन समिति (यस पछि यस सम्झौता-पत्रमा "समिति" भनि सम्बोधन गरिनेछ) र.....................जिल्ला................................,महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/ गाउँपालिका, वडा नं.................बस्ने श्री.................................................... (यस पछि यस सम्झौता-पत्रमा "व्यापारी"/"कृषक" भनि सम्बोधन गरिनेछ) का बिच निम्नलिखित शर्तहरुको अधिनमा रही स्टल/कोठा/स्थान भाडा लिने/दिने कार्यका लागि दुवै पक्ष बिच सहमती भएकाले यो सम्झौता गरिएको छ ।

## सम्झौताका शर्तहरु

समितिले ......................... थोक/खुद्रा/कृषक ब्लकको .......................... वर्ग फिट क्षेत्रफल भएको .................. नं. को स्टल/कोठा/स्थान फलफूल, तरकारी वा समितिद्वारा तोकिएको अन्य कृषि उपज/वस्तु (.....................) को कारोवार (खरिद-बिक्री र भण्डारण) गर्ने प्रयोजनका लागि व्यापारी/कृषक लाई उपलब्ध गराउनेछ ।

२. व्यापारी/कृषक ले स्टल/कोठा/स्थान भाडा वापत मासिक रु. .............. (अक्षरेपी .................... ) समितिलाई बुझाउने छ ।

३. व्यापारी/कृषक ले तिन महिनाको भाडा बराबरको एकमुष्ठ रकम अग्रिम धरौटीको रुपमा समिति को धरौटी खातामा जम्मा गरे पछि मात्र सम्झौता अनुसारको स्टल/स्थान उपलब्ध गराईनेछ । सो धरौटी रकम व्यापारी/कृषकले स्टल छाड्दाका बखतमा समिति र निज बिचको आर्थिक हिसाब फर-फारक भए पश्चात् समितिले निजलाई फिर्ता दिनेछ । तर उक्त रकममा कुनै किसिमको ब्याज दिईने छैन ।

४. व्यापारी/कृषकले समिति लाई तिर्नु पर्ने मासिक भाडा समितिद्वारा निर्धारित भुक्तानी तालिका अनुसार तिर्नेछ । जस अनुसार चालु महिनाको भाडा सोही महिना भित्र तिरी सक्नु पर्नेछ । अर्को महिनाको .............. गते देखि ...................... प्रतिशत जरीवाना सहित मासिक भाडा बुझाउन सकिनेछ । सो समय भित्र पनि भाडा र जरीवाना नबुझाएमा समितिले कुनै पनि बखत निजसंग सम्झौता रद्द गरी स्टल/स्थल/सुविधा खाली गराउन सक्नेछ । धरौटी, भाडा रकम तथा मासिक रुपमा बुझाउने स्टल भाडा तथा अन्य शुल्क व्यापारी तथा कृषकहरुले समितिले तोकेको बैंकको खातामा जम्मा गरेको भौचर पेश गरी बैंक मार्फत कारोवारगर्नु पर्नेछ ।समिति ले व्यापारी/कृषकसंग पाउनु पर्ने बक्यौता भाडा तथा जरीवाना रकम निजको धरौटीवाट कट्टा गरि लिनेछ ।

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

**सम्झौता-पत्रको नमूना : क्रमश.....**

५. व्यापारी कृषकले सम्झौता गरि लिएको स्टल/स्थल/सुविधा आफूले मात्र प्रयोग गर्नु पर्नेछ। अन्य कसैलाई भाडामा लगाएको वा बेचविखन गरेको पाईएमा समितिले निज सँगको सम्झौता रद्ध गरी त्यसरी अनियमित रुपमा स्टल/स्थल/सुविधा लिने दिने दुवैलाई भविष्यममा समेत बजारवाट प्रदान गरिने सुविधाहरुवाट बन्चित गरिनेछ। समितिले यस सम्झौता पत्रमा आवश्यकतानुसार बुदाँहरु थपघट गर्न सक्नेछ।

६. व्यापारी/कृषक ले समितिवाट उपलब्ध गराइने धारा, विद्युत, टेलिफोन, फ्याक्स जस्ता सुविधाहरु निर्धारित शुल्क तिरेर उपभोग गर्न पाउनेछ। साथै समितिको सिफारीशमा व्यापारीले जडान गरेका निजी विद्युत र टेलिफोन लाईनको हकमा प्रत्येक महिनाको महशुल तिरेको बिलको प्रतिलिपी (फोटो कपी) सोही महिना भित्र समितिको कार्यालयमा अनिवार्य बुझाउनु पर्नेछ।

७. व्यापारी/कृषक ले आफ्नो कारोवार (खरिद-विक्रि, माल ढुवानी, सरसफाई आदि कार्य) समितिले तोकेको बजार संचालन कार्य तालिका (बजार खुल्ने, बन्द हुने, सरसफाई आदिको समय तालिका) अनुसार गर्नु पर्नेछ।

८. समितिद्धारा निर्धारित प्रवेश शुल्क तिरेका ढुवानी तथा सवारी साधनलाई मात्र बजार भित्र प्रवेश गर्न दिईनेछ।

९. आफ्नो स्टल/कोठा/स्थान र सो को वरिपरिको भागको सफाईको जिम्मेवारी व्यापारी/कृषक स्वयंको हुनेछ। साथै सडे गलेका फलफूल, तरकारी, प्याकिंग सामग्री तथा त्यस्तै अन्य फोहर पदार्थहरु समितिद्धारा निर्धारित स्थान/कन्टेनर मै फ्याक्नु पर्नेछ।

१०. व्यापारी/कृषकले आफुले प्रयोग गर्ने स्टल/कोठा/स्थान वा बजार क्षेत्र भित्रको कुनै पनि स्थान/संरचनामा समितिको लिखित स्वीकृति विना कुनै किसिमको हेरफेर (निर्माण, मर्मत वा स्वरुप परिवर्तन आदि) गर्न पाउने छैन।

११. व्यापारी/कृषक आफु र निजको कर्मचारी वा निजको कारोवारसंग प्रत्यक्षतः सम्वद्ध अन्य कुनै व्यक्तिले बजार हाता भित्र कुनै किसिमको गैर कानूनी उच्छृंखल, असामाजिक वा समितिद्धारा निषेधित क्रियाकलाप गर्ने/गर्न दिने छैन।

१२. व्यापारी/कृषक वा निजको कर्मचारी वा कारोवारसंग सम्वद्ध अन्य व्यक्ति वा ढुवानी साधनद्धारा जानाजान वा असावधानीवश् बजार वा समितिको कुनै हानी-नोक्सानी भएमा समितिले व्यापारी/कृषकसंग सो को क्षतिपूर्ति भराउन सक्नेछ। साथै त्यस्तो हानी नोक्सानीको, कानूनी दायित्व समेत व्यापारी/कृषक स्वयंको हुनेछ।

१३. व्यापारी/कृषक वा निजको सहायक कर्मचारीले कारोवार गर्ने स्थल शटरमा वस्दा समितिले तोकिएको पोशाक र परिचय पत्र सहित वस्नु पर्ने छ।

१४. यस सम्झौता-पत्रमा उल्लेखित शर्त/प्रावधानहरुको हकमा यसै अनुसार र सो बाहेकका हकमा समिति को बजार संचालन सम्वन्धि कार्यविधि, कृषि बजार विकास तथा व्यवस्थापन तथा विकास निर्देशिका, २०७३ तथा प्रचलित ऐन नियमबमोजिम हुनेछन्।

१५. यस सम्झौताका सम्पूर्ण बूँदा र शर्तहरु सम्वन्धित दुवै पक्षका लागि समान रुपमा मान्य र बन्धनकारी हुनेछन्।

१६. यो सम्झौता मिति .................. देखि लागु भै मिति ...................... सम्म मान्य रहनेछ, यसमा दुवै पक्षको आपसी सहमतिमा म्याद थप वा नवीकरण वा संशोधन गर्न सकिनेछ।

१७. यस संझौतामा उल्लेख गरिएका विषयका अतिरिक्त अन्य कुनै विषयमा विवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिको आधारमा व्यवस्थापन गर्न सकिनेछ।

सचिव

## सम्झौतामा सही छाप गर्ने

| समितिको तर्फबाट | व्यापारी/कृषकको तर्फबाट |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| ठेगाना: | ठेगाना: |
| दस्तखत: | दस्तखत: |

## साक्षी

| | | |
|---|---|---|
| १. नाम: | २.नाम: | ३. नाम: |
| ठेगाना: | ठेगाना: | ठेगाना: |
| दस्तखत: | दस्तखत: | दस्तखत: |

इति सम्वत् ............... साल..................महिना ......... गते ........ रोज शुभम् ।

## अनुसूची–८

कृषि वजार स्थल ...............को व्यवस्था तथा संचालनको लागि कृषि बजार व्यवस्थापन समिति, ............तथा नेपाल सरकार, कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्द्धन तथा वजार विकास निर्देशनालय, हरिहरभवन, ललितपुर बीच भएको

## "संझौता-पत्र"

खुल्ला तथा बजारमुखी अर्थतन्त्र र मूलुकमा कृषि पेशाको संलग्नतावाट हुने आय बढाउन तथा ब्यापार क्षेत्रमा संलग्न निकाय र उपभोक्ता वर्गलाई नियमित रुपमा सुलभ आपूर्ति व्यवस्था मिलाउन केही वर्ष यता देखि मूलुकका विभिन्न महत्वपूर्ण क्षेत्रमा तरकारी, फलफूल, तेलहन, दलहन, मसला बाली, माछा, मासु, जस्ता वस्तुको वजार संरचनामा सुधार गर्ने प्रयास भएको छ । यस्ता वजार संचालन तथा व्यवस्थापन स्थानिय निकाय र जनताको सहभागितावाट मात्र गर्न सकेमा खुल्ला तथा वजारमुखी विकेन्द्रित अर्थतन्त्रको विकास हुन सम्भव हुन्छ । यस प्रकृयामा स्थानीय निकायको अहं भूमिका रहन्छ । यसलाई मद्दत पु-याउनु सरकारको प्रमुख दायीत्व भएको हुंदा उल्लेखित प्रयोजनकोलागि नेपाल सरकार, कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्द्धन तथा वजार विकास निर्देशनालय, हरिहरभवन, ललितपुर तथा यसै साथ संलग्न कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३" बमोजिम गठित कृषि वजार व्यवस्थापन समिति ................ वीच यो सम्झौता गरिएको छ । यस सम्झौता-पत्रमा उल्लेखित तपसीलका सवै बुंदा तथा शर्तहरु हामी दुवै पक्षलाई मान्य हुनेछ र सोही अनुसार पालना गरिनेछ ।

१. कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३ अन्तर्गत व्यवस्था भएका दफाहरु दुवै पक्षलाई मान्य हुनेछ ।

२. समितिको गठन तथा कार्यान्वयन: (१) निर्देशिका बमोजिम मिति ............. गते गठित कृषि बजार व्यवस्थापन समिति, ........................मा तपसील अनुसारको सदस्यहरु रहेका छन् । निर्देशिकाको परिधि भित्र रही थप, घट, अदल वदल वा पुनर्गठन भएको खण्डमा समेत समिति कार्यान्वयन भएको मानिने छ ।

"संझौता-पत्र" .क्रमश.....

कृषि वजार व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरुको नामावली

| क्र.सं. | नाम | पद | प्रतिनिधित्व गर्ने संस्था | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २.<br>३.<br>४.<br>५.<br>६.<br>७. | | | | |
| | कुल जम्मा | .........जना | | |

३. नेपाल सरकारले कृषि वजारको व्यवस्था र संचालनको छुट्टै व्यवस्था गर्ने निर्णय गरेमा नेपाल सरकार, कृषि विकास मन्त्रालयले यो सम्झौता भङ्ग गर्न सक्ने र समितिलाई उपलब्ध गराएको सम्पत्ति आफ्नो कब्जामा लिइ छुट्टै तरिकाले प्रयोगको व्यवस्था मिलाउन सक्नेछ ।

हस्ताक्षर कर्ता :

हस्ताक्षर : .....................

नाम : .........................

पदः अध्यक्ष

(कृषि बजार व्यवस्थापन समिति, ...............को तर्फबाट)

हस्ताक्षरः...........................

नामः ...............................

पदः

(कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय तर्फबाट)

साछीः

समितिको तर्फबाटः

हस्ताक्षर

नामः

पदः

जिल्ला कृषि विकास कार्यालय,

.......................को तर्फबाटः

हस्ताक्षर

नामः

पदः

इति सम्वत् ................ साल .......... महिना ............गते ..........रोज शुभम् ।